मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

पत्र स: ०८०/८१
च. नं.

फोन नं ०६६-४१०२५२
मितिः २०८०/१०/२९

## आ.व.२०८१/०८२ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना। । ।

रोजगारीको हक सम्बन्धी ऐन ,२०७५को दफा ११, रोजगारको हक सम्बन्धी नियमावली ,२०७५को नियम ७ र प्रधानमन्त्री रोजथगार कार्यक्रम संञ्चालन निर्देशिका दोस्रो संसोधन ,२०७८ को दफा १८,बमोजिम आगमी आ.व २०८१/०८२ मा रोजगार सेवा केन्द्र ,मध्यनेपाल नगरपालिका लमजुङको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक,सामाजिक तथा आर्थिक अवसरवाट बन्चित महिला,आदिवासी जनजाति,दलित,सिमान्तकृत समुदाय तथा विपन्न वर्गका १८ देखि ५९ वर्ष उमेर समूहका वेरोजगार नागरिकले मिति २०८०/११/३० गतेसम्म आफुले स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा वेरोजगार व्यक्तिको सुचीमा सूचिकृत हुन देहायनुसारका आवश्यक कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट **https://pmep.gov.np** वाट प्राप्त गर्न सकिनेछ।

निवेदनका साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिक,२०७५को अनुसूची १ बमोजिमको निवेदन
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- एक प्रति हालसालै खिचेको पासपोर्ट साईजको फोटो
- निवेदकले कुनै सिपमुलक तालिम लिएको भए सो को प्रतिलिपि १ प्रति
- परिवारको सम्पूर्ण सदस्यको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि
- बसाईसराइ भएको भए सो को प्रमाण-पत्रको प्रलिलिपि १ प्रति

.................
सुर्य प्रसाद पौडेल
नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

नोटःमाथि उल्लेखित आवश्यक कागजात र विवरण अपूर्ण भएमा फारम स्वीकृत गरिने छैन।साथै थप जानकारीका लागि वडा कार्यालय वा रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ।